बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुढ्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०७७।७८
चलानी नं.:

मिति:२०७७।०९।२६

## प्रेस विज्ञप्ति

बुद्धभूमि नगरपालिकाको नीति केन्द्रित आठौं नगरसभाका सन्दर्भमा पारित २ वटा ऐन (बुद्धभूमि नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७, बुद्धभूमि नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७ तथा श्रम सम्बन्धी नीति २०७७ तथा यस आ.व. को हाल सम्मको कार्य प्रगति यस आ.व. मा हाल सम्म पारित कार्यविधि सहितको आठौं नगरसभामा पारित भएका प्रमुख विषयहरू देहाय बमोजिम रहेको व्यहोरा यसै विज्ञप्ति मार्फत सबैमा जानकारी गराइन्छ ।

आ.व. २०७७/०७८ को हालसम्म भएका कार्यहरूको प्रगतिः

१. सातौं नगरसभाबाट पारित योजनाहरू मध्ये ठूला प्रकृतिका योजनाहरूको प्रतिस्पर्धाको माध्यमद्वारा निर्माण कार्य गराउने प्रयोजनका लागि हाल सम्म २६ वटा योजनाको लागत इस्टिमेट स्वीकृत गरी E-tender मार्फत (१२ करोड ७३ लाख) भएकोमा उक्त योजनाहरू प्रतिस्पर्धाका कारणले ७ करोड ९१ लाख मा ठेक्का सम्झौता/कबुल भएको छ ।

२. हाल सम्म यस आ.व. मा १६ वटा कार्यविधि निर्माण भएको छ ।

३. हाल सम्म उपभोक्ता समिति मार्फत १४२ वटा योजनाको ८ करोड ४ लाख ५३ हजार बराबरका रकमका योजना सम्झौता भएको र १९ वटा योजना सम्पन्न भई ७२ लाख ५० हजारको भुक्तानी भई सकेको छ ।

४. सुकुम्बासी / दलित/ भूमिहिन र अव्यवस्थित बसोबासीको सम्बन्धमा भूमि सम्बन्धी समस्या समाधान आयोग सँग MOU भई स्थानीय सहजीकरण समितिको बैठक, कार्यपालिकाबाट बजेट व्यवस्था, कार्यालय व्यवस्थापन सम्बन्धी, जनशक्ति परिचालन सम्बन्धमा निर्णय भई कार्य अघि बढेको ।

५. अघिल्लो नगरसभाबाट बहुवर्षीय / म्याद थप भएका १५ वटा योजनाहरू मध्ये ९ वटा योजना सम्पन्न भई ६ वटा बाँकी रहेको जसमध्ये महुवा नयाँ नगर, ५ नं. वडा कार्यालय जाने बाटो, १ नं. वडामा रहेको कर्भडहल लगायत योजनाहरू मध्ये केही योजनाको म्याद विविध कारणले फागुन मसान्त सम्म थप गरी कार्य सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउने उपयुक्त हुने ।

६. वस्तुनिष्ठ नागरिक वडापत्र तयारी भई website मा प्रकाशन भएको, प्रोत्साहनलाई सूचकका आधारमा स्व.मूल्याकन प्रणालीका रूपमा विकास गर्न Indicator हरू निर्माण भई कार्यान्वयनमा आएको ।

७. PCR test साप्ताहिक रूपमा सञ्चालनमा रहेको व्यवस्थित Isolation center सञ्चालनमा रहेको ।

८. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम मार्फत वडा नं. ५,६,७,८ र १० का सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत छात्राहरू (२४७ जनालाई) साइकल वितरणको ठेक्का प्रक्रिया सुरू भएको, वडा कार्यालयहरूमा ५० हजार सम्मको विपद् सामाग्री सहितको विपद् व्यवस्थापन कर्नर स्थापनाका लागि निर्णय भएको ।

९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDAPA), बहुक्षेत्रीय पोषण कार्यक्रम शुरू भएको ।

१०. २(दुई) लाख सम्मका योजना कार्यान्वयनको जिम्मा वडा कार्यालयमा दिई हाल सम्म २८ वटा योजना सम्झौता भई कार्यान्वयन सुरू भएको जानकारी प्राप्त भएको। साथै वडा कार्यालयमा प्राविधिक कर्मचारी खटिएको।

११. जिन्सी निरीक्षण प्रतिवेदन तयार भई सकेको।

१२. आन्तरिक आम्दानी बढोतरीको अधिकतम प्रयास शुरू भएको।

१३. हालसम्मको पूजीगत खर्च २ करोड ३१ लाख ९५ हजार (५.८ प्रतिशत) तथा चालु खर्च ११ करोड २१ लाख ३ हजार (२२.९९ प्रतिशत) भएको।

१४. लागत सहभागिता (६०:४०, ७०:३०, ५०:५०) को कार्यक्रमका लागि सूचना आह्वान भई छनौट भई सम्झौता शुरू भएको।

१५. औषधी खरिद भई स्वास्थ्य संस्थाहरूमा वितरण भै सकेको।

१६. ५ लाख सम्म उद्यमहरूको अभिलेखीकरण/नवीकरण सम्बन्धी कार्य शुरू भएको।

१७. बजार अनुगमन कार्यविधिको संशोधन गरी बजार अनुगमन शुरू गरिएको।

१८. धान मिसन, तरकारी पकेट कार्यक्रमको सूचना आह्वानका अलावा च्याउको विउ वितरण लगायतका कार्यका साथै मल व्यवस्थापन समिति गठन सहकारी छनौट लगायतका कार्य समयमा शुरू भएको।

१९. सभाहल निर्माणका लागि प्रदेश सरकारबाट ४० लाख बजेटरी सहयोग प्राप्त भई बाँकी कार्य शुरू भएको।

२०. सर्पदंश उपचार केन्द्रको व्यवस्थापनमा नगरपालिकाको अग्रसरतामा दिगो व्यवस्थापनका लागि नगरपालिका/गाउँपालिका सँग समन्वय, बजेट व्यवस्था मिलाउने प्रयत्न भएको।

२१. कार्यविधि निर्माणद्वारा स्थानीय सरकार सञ्चालन ऐन द्वारा प्रद्धत अधिकारको संस्थागत गर्न कार्यविधि निर्माणद्वारा कार्य शुरू गरिएको।

२२. कोभिड-१९ मा मंसिर १७ गते सम्म भएको खर्च सार्वजनीकरण तथा कार्यपालिकाका निर्णय प्रवक्ता मार्फत सार्वजनीकरण गर्ने गरिएको।

**सातौं नगरसभाबाट अनुमान गरे भन्दा बढी अल्याबाट बचत हुन आएको रकम ३ करोड २६ लाख मध्ये कार्यपालिकाबाट यस अघि नै निर्णय भएका कार्यक्रमहरूको सम्बन्धमाः**

१. संस्कृति, पर्यटन तथा नागारिक उड्डयन मन्त्रालयको प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७७ को शर्त अनुरूप बुडडी तालको संरक्षण सौन्दर्यीकरण तथा थारू संग्रहालयको अधुरो संरचना पुरा गर्न अधिकतम ४ करोड ५० लाख, वडा नं. १ र २ मा रहेको बुद्धवाटिका र चिल्डेन पार्कको निर्माण तथा सौन्दर्यीकरणका लागि १ करोड ५० लाख गरी जम्मा ६ करोडको म्याचिङ्ग (३५%) व्यहोर्ने २ करोड १० लाख।

२. गोरूसिंगे शहरी खानेपानी तथा सरसफाई आयोजना निर्माणका लागि उपयोक्ताहरूबाट व्यहोर्ने लागत ५% रकम मध्ये नगरपालिकाबाट ३% सम्म व्यहोर्ने निर्णय अनुरूप MOU मा सम्झौता भएको। - अनुमानित ८१ लाख

३. भूमि सम्बन्धी समस्या समाधान आयोग ईकाई कार्यालयको लागि रू. २८,५०,०००।- बजेट व्यवस्था गर्ने निर्णय गरिएको।

४. राजश्व फिर्ता प्रयोजनका लागि रू. २,००,०००।-

५. पानी तथा विजुली रू. १,५०,०००।-

६. सञ्चार महसुल रू. ३,००,०००।-

- जम्मा ३ करोड २६ लाख मात्र।

आ.व. २०७७/०७८ को कार्य सहजताका लागि हालसम्म भएका कार्यविधिगत (व्यवस्थापकीय) प्रबन्ध सम्बन्धमा :

१. संस्थागत दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७
२. टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७
३. नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७
४. फुसको छानारहित वा सुरक्षित फुसको छनायुक्त संरचना निर्माण सम्बन्धी कार्यविधि २०७७
५. घुम्ती मिल तथा पुरानो कपडाहरूबाट सिरक/डसना बनाउने कार्य व्यवस्थित सम्बन्धी कार्यविधि २०७७
६. व्यवसाय करलाई व्यवस्थित बनाउने कार्यविधि २०७७
७. प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि २०७७
८. लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशीलता सम्बन्धी कार्यविधि २०७७
९. अनुदानमा म्याचिङ प्लाष्टिक वितरण कार्यक्रम कार्यविधि २०७७
१०. साना कृषि मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०७७
११. अतिविपन्न तथा विदेशबाट फर्किएका विपन्न परिवारका सदस्य/व्यवसायउन्मुख कृषकलाई अनुदान कार्यक्रम कार्यविधि २०७७
१२. विपन्न परिवारका लागि मागमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि २०७७
१३. बुद्धभूमि नगरपालिकाभित्र बसोबास गर्ने एकल तथा एकल आश्रित परिवारको उद्यमशीलता सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७
१४. घर बहाल कर व्यवस्थापन कार्यविधि २०७७
१५. पशु विकास सम्बन्धी कार्य सञ्चालन सम्बन्धी एकीकृत कार्यविधि २०७७
१६. अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७

.......................

पवन कुमार थारू

प्रवक्ता